# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

## सानीभेरी गाउँपालिका

## रुकुम पश्चिम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**


प.सः २०७८।७९
च.नः १८४ मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
श्री सानीभेरी गाउँपालिका, रुकुम पश्चिम

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..................................
नारायण एम.सी.
( नायव महालेखापरीक्षक)

***बोधार्थः***
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**

प.सः २०७८।७९ मितिः २०७८।५।४
च.नः१८५

**विषयः लेखापरीक्षण प्रतिवेदन**

श्री अध्यक्ष ज्यू,
श्री सानीभेरी गाउँपालिका, रुकुम पश्चिम

**कैफियत सहितको राय**

हामीले सानीभेरी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

११. लेखापरीक्षणबाट रु ९० लाख ७० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ६१ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने नभएको नियमित गर्नुपर्ने रु. २९ लाख २५ हजार बाँकी रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २७ (सत्ताईस) को यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एम. सी.
(नायब महालेखापरीक्षक)

**श्री सानीभेरी गाउँपालिकाको कार्यालय, रुकुम पश्चिम**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६।०७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सानीभेरी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ११ वडा, ५८ सभा सदस्य, १३३.८० वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| सि.नं | आयतर्फ विवरण | रकम | सि.नं | व्ययतर्फ विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | – | १ | **चालु खर्च** | २३,८७,७१,१५८.५५ |
| | क) नगद | – | २ | **पूँजीगत खर्च** | १०,०१,१०,८५५।०० |
| | ख) बैंक | ९०,३५,९१२।०० | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | – | | क) ऋण भुक्तानी | – |
| | क) आन्तरिक राजस्व | ३९,५४,०८०।३४ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ५,१२,२८,५१६।७० | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | – |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | – | | ऋण लगानी | – |
| | क) वित्तिय समानीकरण अनुदान | ८,७८,००,०००।०० | | शेयर लगानी | – |
| | ख) सशर्त अनुदान | १७,९९,५९,०००।०० | | अन्य लगानी | – |
| | ग) समपूरक अनुदान | ३०,००,०००।०० | ५ | **धरौटी फिर्ता** | ५८,३३,४८८।०० |
| | घ) विशेष अनुदान | ७०,००,०००।०० | ६ | **जनश्रमदान फिर्ता** | – |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | – | ७ | **कोष फिर्ता** | – |
| | क) वित्तिय समानीकरण अनुदान | १,०१,२६,०००।०० | | प्रकोफ व्यवस्थापन कोष खर्च | ५२,७३,०६८।०० |
| | ख) सशर्त अनुदान | १,५४,९९,६५०।०० | | कोभिड-१९ सम्बद्ध पोषण कार्यक्रम | २०,०००।०० |
| | ग) समपुरक अनुदान | ७५,००,०००।०० | ८ | **मौज्दात** | – |
| | घ) विशेष अनुदान | ६५,००,०००।०० | | क) बैंक मौज्दात | २,२१,४६,८२१।३९ |
| | ङ) राजस्व बाँडफाँट | ३,११,८५८।३१ | | ख) नगद मौज्दात | – |
| | च) पशु संकलन तथा भैसि श्रोत केन्द्र स्थापना कार्यक्रम | १,०७,००,२७०।०० | ९ | **शसर्त अनुदान फिर्ता** | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | – | | संघिय शसर्त | ३,२७,८३,९५२।५० |
| ६ | **अन्य** | – | १ | **गत बर्षको बढी अल्या** | – |
| | क) क्षेत्रीय शहरी विकास योजना | – | १ | **जनश्रमदान मौज्दात** | – |
| | ख) सडक बोर्ड नेपाल | ६,००,०००।०० | १ | **धरौट मौज्दात** | ५४,४०,४१०।०० |
| | ग) पर्यटन बोर्ड नेपाल | – | १ | **कोष खाताको मौज्दात** | – |

| सि. नं | आयतर्फ विवरण | रकम | सि. नं | व्ययतर्फ विवरण | रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | घ) एन एन एस डब्लु ए | – | | प्रकोप व्यवस्थापन कोष | ८२,६४,२८२.७० |
| | ङ) सूचना प्रविधि अधिकृतको तलब र अन्य संचित कोषमा जम्मा रकम | ३,८७,६३४.८९ | १ | **अन्य** | – |
| | च) मालपोत कार्यालय रुकुम(पश्चिम)बाट प्राप्त भुमि/मालपोत कर | ७,८०,३१९।२० | | सडक बोर्ड नेपाल | ६,००,०००।०० |
| | च) राष्ट्रिय बन रोयल्टी संघिय सरकारबाट प्राप्त | २९,५४६।०० | | कोलेनिका त्वद्ध बाट सामाजिक सुरक्षा लगायत ५ वटा शिर्षकमा खर्च | ४,३३,६२,४१९।०० |
| ७ | **विभिन्न कोषतर्फको आय** | – | | कर्णाली प्रदेश संसाद विकास कोष खर्च | १,२१,२४,०५९।०० |
| | प्रकोप व्यवस्थापन कोष आय | १,३५,३७,३५०।७० | | कृषि तथा भुमि संहकारी मन्त्रालयको बजेट खर्च | १५,४६,९९३.०० |
| | कोभिड-१९ सम्बद्ध पोषण कार्यक्रम | २०,०००।०० | | | |
| ८ | **जनसहभागिता (नगद)** | – | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त** | – | | | |
| १ | **धरौटी आय** | १,१२,७३,८९८।०० | | | |
| १ | **लगानीको सॉंवा फिर्ता** | – | | | – |
| १ | **अन्य विविध आय** | – | | | – |
| | कोलेनिका त्वद्ध बाट सामाजिक सुरक्षा लगायत ५ वटा शिर्षकमा निकासा | ४,३३,६२,४१९।०० | | | – |
| | कर्णाली प्रदेश संसाद विकास कोष | १,२१,२४,०५९।०० | | | |
| | कृषि तथा भुमि संहकारी मन्त्रालय | १५,४६,९९३।०० | | | |
| | **जम्मा** | **४७,६२,७७,५०७।१४** | . | . | **४७,६२,७७,५०७।१४** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

**वित्तीय विवरण विश्लेषण**

१. **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.७४१६५३३२.५ ले फरक देखिएको छ ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

| सि. नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग २.२ चालु खर्च खाता बिजोर वर्ष | ५४८९९०७.९५ | ३४२११६३४.४५ | २८७२१४२६.५० |
| २ | ग २.३ पुजिगत खर्च खाता विजोर वर्ष | ३६४४०४६ | ४३७९५२५३ | ४०१५१२०७ |
| ३ | ग २.७ विविध खर्च खाता | ० | ४८१३९५७ | ४८१३९५७ |
| ४ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ८२६४२८२.७० | ८७४३०२४.७० | ४७८७४२ |
| ५ | ग ३ स्थानीय तह धरौटी खाता | **५४४०४१०.००** | **५४४०४१०.००** | **०** |
| | **जम्मा** | **१७३९८२३६.६५** | **८६७५५६८२.१५** | **७४१६५३३२.५** |

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको

| सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम । | | आ.व. २०७६।७७ |
|---|---|---|
| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४२ जनाको दरबन्दी रहेकोमा २१ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु १३,४८,३०,८९९.१० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका | |

| सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम । | | आ.व. २०७६।७७ |
|---|---|---|
| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ईन्दिरा ओलीले मिति २०७६।३।१० गते रु३३करोड ६३ लाख ९८ हजार ४ सयको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ | |
| ६. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२१लाख ६ हजार ५ सय अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७६।९।१६ को निर्णयबाट चालुतर्फ परिक्षा संचालन भ्रमण खर्च शीर्षकमा रु.६,०६,५००।०० र पुजीगततर्फ सफ्टवयर तथा मेशिनरी औजार शीर्षकमा रु.१५,००,०००।००बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ७. | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १९,९८,५२१।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

१०. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु.हजारमा)

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | २३४७८४ | ५६९६६ | ५८५०५ | ११९३१२ | ४२४८२ |
| | पूँजिगत खर्चतर्फ | ७८८७७ | २५६६ | ८६७१ | ६७६४१ | १७५६७२ |
| | **जम्मा** | **३१३६६१** | **५९५३२** | **६७१७६** | **१८६९५३** | **२१८१५४** |
| | प्रतिशत | १०० | १८.९८ | २१.४२ | ५९.६० | ६९.६० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३१,३६,६१,०००।०० निकासा भएकोमा प्रथम चौमासिकमा रु.५,९५,३२,०००।०० अर्थात १८।९८ प्रतिशत, दोश्रो चौमासिकमा रु.६,७१,७६,०००।००, अर्थात.२१।४२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१८,६९,५३,०००।००, अर्थात ५९।६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२१,८१,५४,०००।०० अर्थात ६९।६० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

११. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १८२७१०००.०० | ८४४६४०९.०० | २.५६ |
| २ | पूर्वाधार विकास | ६७४८५२३८.०० | ४८८२०४४.०० | १२.९८ |
| ३ | सामाजिक विकास | २३८९७१९७४.०० | २०३१९९४२८.५० | ६१.४९ |
| ४ | बातावरण तथा विकास | ०.०० | ०.०० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २०६४५६५०.०० | १३२४१७२६.०० | ४.०१ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७४४६८०६३ | ६२७०९७१२.०५ | १८.९८ |
| | **जम्मा** | **४१९८४१९२५.००** | **३३०४७९३१९.५५** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ६१।४९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ४।०१ प्रतिशत रहेको छ ।

१२. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| मुख्य कार्यक्रम संख्या | ११ | ३ | - | - | ८ |
| सहायक कार्यक्रम संख्या | १०० | - | - | - | १०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १३. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १४. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ईन्जिनयर सव ईन्जियर कम्प्युटर अपरेटर पदमा ३ जना कर्मचारीहरु करारमा राखि रु.१२,०१,०७०।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ईन्जिनयर सव ईन्जियर कम्प्युटर अपरेटर पदमा ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१२,०१,०७० भुक्तानी गरेको अनियमित देखएको रु. | १२,०१,०७० |
| १५. | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून बनाई यो बर्ष प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | १७,२४,३१६.७० |
| १६. | **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१७. **वडा सचिवको पदपूर्ति** : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ११ | ११ | ७ | ५ |

१८. **सेवाप्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १२०४ |
| मृत्युदर्ता | १०७ |
| बसाईसराई दर्ता | १८ |
| विवाह दर्ता | २१५ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |
| कच्ची सडक निमार्ण | १७ कि मी |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१९. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|

| सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम । | | आ.व. २०७६।७७ |
|---|---|---|
| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | २० | १६ | २९ | १२ | २३ | १०० <br><br> उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.एक लाख देखि ६५ लाख सम्मका जम्मा १०० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| २०. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३८ वटा नियमावली, २७ कार्यविधि लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ७४ वटा कानूनहरु निर्माण गरे पनि सबै ऐन कार्यान्वयनमा आएको छैन । | |
| २१. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको १७ गरी कुल १८ विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २२. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २३. | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २४. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ६७,०५,३५०.०० सुविधा वापत भुक्तानी भएको छ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३९ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ५४४०० | ४६७५० | ४९०७०० | २१७५०० | ५६१६०० | १३७१९५० |
| २ | यातायात खर्च | ६९३०० | ५९४०० | १६२०० | | | १४४९०० |
| ३ | टेलिफोन,मोबाइल | २७००० | २७००० | २७०००० | ९००० | ९००० | ९९००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | २७००० | २७००० | २७००० | ९००० | ४५००० | ९४५०० |
| ५ | अनुगमन समन्वय तथा सहजीकरण | १३५००० | १०८००० | ७२००० | ४९५०० | १८००० | ३८२५०० |
| ६ | अतिथि सत्कार | ४५००० | ३६००० | ३६००० | ९००० | ९००० | १३५००० |
| ७ | खानेपानी/बिजुली / सरसफाई | ६३००० | ५४००० | १८००० | १८००० | ९००० | २२०५०० |
| ८ | चाडपर्व खर्च | | | | | | |
| | जम्मा | **४२१७००** | **३५८१५** | **२६४८९०** | **७८४५०००** | **२४९२१००** | **६७०५३५०** |

२५. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३,०३,९६०।०० खर्च गरेको छ ।

२६. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.८,६३,०००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

- **अनुदान फिर्ता, वितरण र उपयोग**

२७. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. १९,९५,४१७।०० अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| | सानीभेरी सामुदायिक विकास केन्द्र | एफ एम रेडियो संचालन अनुदान | ९,९५,४१७।०० |
| | सानीभेरी जनप्रवाह कृषि सहकारी संस्था लि. | संहकारी संस्था संचालन , प्रवद्धर्न विकास खर्च | १०,००,०००।०० |
| | | | १९,९५,४१७।०० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२८. **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल १ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.२,७७,२५६।००खर्च गरेको छ । | |

२९. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १२८८४ | ० | ० | १ | १८४० | १० | ११०४४ | १० | ८४७९ |

३०. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०,०१,१०,८५५.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३१. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान दुई पांगे्र सवारि साधन खरिदमा रु.१२,८३,२००।००, बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | ५ | १२,८३,२००।०० |
| | **जम्मा** | | १२,८३,२००।०० |

- **कर दस्तुर एवं आन्तरिक आय**

३२. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७१,८८,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.३९,५४,०८०।३४ अर्थात अनुमान भन्दा ४५ प्रतिशत कमी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३३. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा

<table>
<tr><td colspan="2">सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम ।</td><td>आ.व. २०७६।७७</td></tr>
<tr><td>दफा</td><td>भौ.नं, मिति र ब्यहोरा</td><td>बेरुजू रकम</td></tr>
<tr><td></td><td>वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>३३,८८,८२,०१३.५५</td><td>१,६४,२९,४४८.००</td><td>४.६२</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४।६२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>प्रतिशत</td></tr><tr><td>एकीकृत सम्पती कर</td><td>११,१०,०००।००</td><td>०</td><td>०</td></tr><tr><td>भुमिकर/मालपोत</td><td>५,५५,०००।००</td><td>८,६९,४४९।००</td><td>२१।९८</td></tr><tr><td>घरवहाल कर</td><td>२,६७,०००।००</td><td>५,९९,३००।३४</td><td>१५।१६</td></tr><tr><td>बेरुजु कर</td><td>३०,००००।००</td><td>५,५४,६८०.००</td><td>१४।०२</td></tr><tr><td>अन्य सेवा शुल्क तथा बिक्री</td><td>४५,५०,०००।०.०</td><td>६,६४,९२९।००</td><td>१६।८२</td></tr><tr><td>सिफारिश दस्तुर</td><td>५,५४,०००.।००</td><td>१०,६७,२४२।००</td><td>२७</td></tr><tr><td>व्यवसाय कर</td><td>१,२२,०००।००</td><td>१,९८,४८०।००</td><td>५।०२</td></tr><tr><td>जम्मा</td><td>७१,८८,०००.।००</td><td>३९,५४,०८०.।३४</td><td></td></tr></table>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३६.</td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम</td><td></td></tr>
</table>

| सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम । | आ.व. २०७६।७७ | |
|---|---|---|
| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३७. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,९८,४८०।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३८. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३९. | **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४०. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ४१. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १२।२०७७।३।२<br>४२।२०७७।३।३१ | बिद्यालय भवन निर्माण उ स | बिद्यालय भवन निर्माण | १,०१,१९,०५५।०० |
| १०।२०७७।३।२९ | भैसी स्रोत केन्द्र संरक्षण उ स | तटबन्ध | २४,४९,६५०।०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**सशर्त कार्यक्रमतर्फ**

४२. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालय | शिक्षक दरबन्दी | | पदपूर्ति | | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | स्वीकृत | राहत | | |
| १ | प्रा वि | ७१ | ३६ | ६६ | ३५ | ९ | १०२०० |
| २ | निमावि | १० | १७ | १० | १८ | ० | |
| ३ | मावि | ५ | ५ | ५ | ५ | ० | |
| ४ | उमावि | ० | ६ | ० | ६ | ० | |
| **जम्मा** | | **८६** | **६४** | **८१** | **६४** | **९** | |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

४३. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२,५७,४७,८६७।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।

४४. **शिक्षकको तलब भत्ता निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । नगरपालिकका करार शिक्षकहरुलाई निम्न भौ.नं./मितिबाट प्रथम र दोश्रो किस्ताको तलव वापतको रकम भुक्तानी गर्दा

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तलब माग गर्ने माग फाराममा माग भए भन्दा बढी भुक्तानी भएको रु.१००,०००.०० सम्बन्धित विद्यालयबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु. | १००,०००.०० |

| भौ.नं./मिति | विद्यालय को नाम | चौमासिक | माग भएको रकम रु. | भुक्तानी भएको रकम रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ३।२०७६।६।९ | बाल कल्याण आ.वि. गोलडाँडा | प्रथम | ३२५०००।०० | ३७५०००।०० | ५००००।०० |
| ३।२०७६।६।९ | बाल ज्योती मा.वि. गीठाकोट | प्रथम | २७००००।०० | ३२००००।०० | ५००००।०० |
| **जम्मा** | | | | | १००,०००.०० |

४५. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.१९,६७,३०२।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

४५.१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

४५.२. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

४५.३. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

४५.४. औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

४५.५. औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४६. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष. २४८ जनालाई रोजगारी उपलव्ध गराई रु. ४६,२४,०१५।०० खर्च गरेको छ । लक्षित वर्गलाई १ दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ४७. | **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. १२,९७,२००।०० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्प्रर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ४८. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. २८,३४,३३३।०० का ३ वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्र.सं | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता रकम | यो वर्ष सम्मको खर्च | बाकी भुक्तानी दिनुपर्ने | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | खारखोला झोलुङ्गे पुल निमार्ण | जुनकिरी ईन्डष्ट्रीज प्रा लि | ६२९४४४.०० | ०.०० | ६२९४४४.०० | |
| २ | अर्मखोला ट्रष्ट वृज निमार्ण | जुनकिरी ईन्डष्ट्रीज प्रा लि | १०१६२७८.०० | ०.०० | १०१६२७८.०० | |
| ३ | पुरुखोला झोलुङ्गे पुल निमार्ण | जुनकिरी ईन्डष्ट्रीज प्रा लि | ११८८६११.०० | ०.०० | ११८८६११.०० | |
| | | **जम्मा** | **२८३४३३३.००** | **०.००** | **२८३४३३३.००** | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २२,९४,२१६।०० प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु १०,९३,३८५।०० खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५०. | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ५१. | **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सबै निर्माण कामको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५२. | **डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| गाउँपालिका भवन डिपिआर निर्माण रकम भुक्तानी गरिएको। | क्लक कन्सल्ट प्रा.ली | ४,९७,२००.०० | ४,९७,२००.०० | **३६७८३000.00** |
| भेरीदोभान मावि चाईनाबगर खेलमैदान डिपिआर निर्माण योजन रकम भुक्तानी गरिएको | बि.आर.एस इन्जिनियरिङ्ग सोलुशन प्रा.लि काठमाण्डौ | ४,००,०००.०० | ४,००,०००.०० | ५७१९५000.00 |
| सिभिल वर्क कन्सल्टेन्सि प्रालिलाई बेल्टापु खेलमैदान डिपिआर | सिभिल वर्क कन्सल्टेन्सी प्रा.लि. | ४,००,०००.०० | ४,००,०००.०० | १६३५३६000.0 0 |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| खर्च रकम भुक्तानी गरिएको। | | | | |
| जम्माः | | १२,९७,२००.०० | १२,९७,२००.०० | **२५७५१४०००** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५३. **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.३,४८,१४५।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| सफ्टवेयरको नाम | प्रयोजन | रकम |
|---|---|---|
| स्मार्ट रोड सफ्टवयर | गाउँपालिका अन्तर्गतका कृषि सडकहरु डिजाईन गर्ने | १,५०,०००.०० |
| दररेट विश्लेषण | निर्माण सम्बन्धि कामको लागि | १९८,१४५.०० |
| **जम्मा** | | **३,४८,१४५।००** |

५४. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| सि.नं | निर्माण कामको विवरण | लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|
| १ | बिद्यालय भवन निर्माण उ स | २,६३,६६,०४९।०० | १,०१,१९,०५५।०० |
| ३ | भैसी स्रोत केन्द्र संरक्षण उ स | २४,४९,६५०।०० | २४,४९,६५०।०० |
| ४ | भरिदोभान मा बि भवन | ६७,०३,२९७।०० | ४७,२७,७७२।०० |

**समानीकरण चालुतर्फ**

५५. **भ्रमण खर्च :** कर्णालि प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ५६. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था छ । तर कार्यालयले ११ वडामा रु ४१४०२६००।०० वितरण गरेको विवरण पेश गरेको छ । कार्यालयमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले तोके अनुसार बैंक मार्फत भूक्तानी नगरी रु ४,१४,०२,६००।०० वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ । | |
| | **विपद् व्यवस्थापन** | |
| ५७. | समिति गठन- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा (१७)१ मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको २०७५/०५/१२ समिति गठन भएतापनि ११ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ५८. | **वार्षिक प्रतिवेदन**- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन ,२०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५९. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण ,उपयोग तथा हक हस्तान्तरण**- स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पतिको रेखदेख ,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको मर्मत सम्भार एवम् संरक्षण गरेको\अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पतिको रेखदेख मर्मत सम्भार एवम् संरक्षण गर्न\गराउन अभिलेख राखुपर्दछ । | |
| | **गाउँपालिका चालु** | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६०. | **४१८।२०७७।३।३० छुट कर:**आय कर ऐन२०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले गाउँपालिकाको तर्फबाट सरकारी मुद्दामा वहस पैरवी गरेवात वरिष्ठ अधिवक्ता, भुषण कुमार मानन्धर (११२३४७९९७) लाई रु.४८,७५०.०० भुक्तानी गर्दा कर कट्टी नगरकोले नियमानुसार हुने कर रु.७३१२।५० कट्टी गर्न छुट भएकोले सम्बन्धितबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ७३१२।५० |
| ६१. | **बढी भुक्तानी:** नेपाल सरकार अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा गाउँपालिकामा तालिम कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षकलाई प्रति सेशन(घण्टी) रु.७००।०० को दरले र कार्यपत्र वापत रु. १४००।०० भुक्तानी गर्नुपर्ने उल्लेख छ । देहायको भौ.नं./मिति बाट निम्नानुसारको तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई नर्म्स भन्दा बढी भुक्तानी दिएको छ । बढी भुक्तानी दिएको रकम रु. ३६७२०।०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ३६७२०।०० |

| भौ.नं./मिति | तालिमको नाम | प्रशिक्षकको नाम | घण्टी(सेशन) | भुक्तानी गर्नुपर्ने रु. | भुक्तानी भएको दर रु. | कर कट्टी बाहेक बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १७।२०७७।६।१२ | पत्रकारीता तालिम | गणेश वि.क, चिन्तन | ६ | ४२००।०० | १५०००।०० | ९१८०।०० |
| १७।२०७७।६।१२ | पत्रकारीता तालिम | प्रकाश सापकोटा | ६ | ४२००।०० | १५०००।०० | ९१८०।०० |
| १४१।२०७६।११।१६ | सम्पती कर विषयक कार्यक्रम | हरिकृष्ण कोइराला | ७ | ४९००।०० | १७५००।०० | १०७१०।०० |
| १४१।२०७६।११।१६ | सम्पती कर विषयक कार्यक्रम | हेमराज थापा | ५ | ३५००।०० | १२५००।०० | ७६५०।०० |
| | | | | | जम्मा | ३६७२०।०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **इन्धन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा कारोबारको लेखा राख्दा प्रमाणित विल भरपाईक आधारमा राख्नु पर्ने र सोही बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ ।उपभोक्तालाई सम्झौता अनुसारको परिमाणको काम गरेपछि काम गरेको विल भरपाई यथार्थताको आधारमा जाँच गरी लागेको खर्चमा उपभोक्ताको योगदानको अशं कट्टा गरी बाँकी रकम भुक्तानी दिनुपर्दछ । परीक्षण गरिएका केही सडक निर्माण तथा मर्मत सम्बन्धि फाँटवारी परीक्षण गर्दा एक्साभेटर तथा जे.सि.वि.बाट काम गराउदा मेशिन चलेको घण्टा र इन्धनको खपत बीच तुलना गर्दा इन्धन खपतको अस्वभाविक विल राखी खर्च लिएको देखियो । उपभोक्ताले मेशीन प्रयोग गर्दा अधिकतम प्रतिघण्टा १० देखि १८ लिटर सम्म डिजेल खपत हुने देखिन्छ । देहायका उपभोक्ता समितिहरुले पेश गरेको सडक निर्माण सम्बन्धि खर्चको फाँटवारीमा अस्वभाविक इन्धन खर्च लिएको देखिएकोले अधिकतम खपत हुने प्रति घण्टा १० र १८ लिटरको दरले हिसाव गरी प्रति लिटर औषत १००। ००को दरले बढी खपत देखाएको इन्धन खर्च वापतको रकम सम्बन्धित उपभोक्ता समिति र विलभपाई प्रमाणित गर्ने प्रविधिकलाई समेत जिम्मेवार बनाई असुल उपर गर्नुपर्ने रु. | १७५४२००। |

| भौ.नं./मिति | उपभोक्ताको नाम | कार्य घण्टा | खरिद गरेको इन्धन लि. | लाग्ने इन्धन लि. | बढी इन्धन लि. | रकम रु. |
|---|---|---|---|---|---|---|
| १०५।२०७७।३।२१ | कालिका पाखेरोल कृषि सडक | ८९ | १५०० | ८९० | ६५० | ६५०००।०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९३।२०७७।३।३० | गिठाकोट ज्यूला पुर्तिडांडा सडक | ६२ | १००० | ६२० | ३८० | ३८०००।०० |
| ७४।२०७७।३।१६ | रिम्ना दोभान मोराखारा श्रम सहकारी | ३८६८ | २२५० | १३६८ | ८८२ | ८८२००।०० |
| ६३।२०७७।३।९ | स्टार लेकवेंसी श्रम सहकारी संस्था लि. | ब्रेकर -१६ बकेट- १२२ | २५०० | १५०८ | ९९२ | ९९२००।०० |
| ६२।२०७७।३।९ | स्टार लेकवेंसी श्रम सहकारी संस्था लि. | ब्रेकर -२९ बकेट - २३७ | ५१९५ | २८९२ | २३०३ | २३०३००।०० |
| ५२।२०७७।२।९ | सहरे ज्यूला इजर बागखोर सडक | ८० | १२०० | ८०० | ४०० | ४००००।०० |
| ४२।२०७७।२।१९ | वडा कार्यालय भवन फिल्ड निर्माण | ७० | १३०६ | ७०० | ६०६ | ६०६००।०० |
| ३६।२०७७।२।१४ | स्यालडांडा तल्लो माथिल्लो आम डाँडा साउनेपानी सडक | १०१ | १८१८ | १०१० | ८०८ | ८०८००।०० |
| ३१।२०७७।२।५ | वडा नं.१ भदै कृषि सडक मर्मत | १०२ | १७८० | १०२० | ७६० | ७६०००।०० |
| २०।२०७६।१२।६ | मेलचौर धमेखोला कृषि सडक | ६० | १०३५ | ६०० | ४३५ | ४३५००।०० |
| १८।२०७६।१२।६ | मेलचौर थापागार हांसु कृषि सडक | ७६ | ११७५ | ७६० | ४१५ | ४१५००।०० |
| १४।२०७६।१२।४ | मौरा खारा गरापाल श्रम सहकारी संस्था लि. | १०३ | १७५० | १०३० | ७२० | ७२०००।०० |
| १२।२०७६।११।१३ | फेदी गोलडाँडा गरामला गांउ सडक निर्माण | ब्रेकर -१५ बकेट - २९० | ५४०० | ३१७० | २२३० | २२३०००।०० |
| ३।२०७७।३।२२ (प्रदेश हस्तान्तरित) | पाथिहाल्मा टोड्के छेलो हान्ने सडक निर्माण उ.स | ब्रेकर - १३८ बकेट - २०९ | ५१५५ | ४५७४ | ५८१ | ५८१००।०० |
| ५।२०७७।३।२८ | बाहुनी खेतपाखा जिउला कल्लेघारी कामीगाँउ कृषि सडक | ब्रेकर -७७ बकेट - २६४ | ५५०० | ४०२६ | १४७४ | १४७४००।०० |
| ११।२०७७।३।२८ | सहरे जनचाहना पोखरी रोल सडक | ब्रेकर -७८ बकेट - ४३९ | ८७०० | ५७९४ | २९०६ | २९०६००।०० |
| | | | | | जम्मा | १७५४२००।०० |

६३. **बढी भुक्तानी /अनुपातिक कट्टीः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६)मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कृषिसडक लगायत सिंचाईको कार्य गर्ने उपभोक्ता समितिबाट यस नियमावलीको पालना भएको छैन । कार्यालयले पनि उपभोक्तालाई रकम दिनुपुर्व सम्झौता अनुसार उपभोक्ताको योगदानको रकम कट्टा गरी रकम भुक्तानी दिनु पर्दछ ।उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेका खर्च सम्बन्धी फाँटवारी परीक्षण गर्दा सडकको सफ्ट स्वायल, हार्ड स्वायल सफ्ट रक हार्ड रक कटिङ्ग गर्न मेशिन प्रयोग गरेको र मेशिनको लागि अवश्यक इन्धनको

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्चको विल संलग्न गरेको देखियो । भुक्तानी सम्बन्धी विल एवं कार्यसम्पन्न प्रतिवेदनमा मानिसले काम गरेको देखिदैन । मेशिनबाट काम गराउदा भुक्तानी लिएको रकम एवं भुक्तानी भन्दा वास्तविक खर्च कम लागेको देखिन्छ । सोही वास्तविक खर्चको आधारमा उपभोक्ताको १५ प्रतिशत योगदान कट्टा गरी रकम भुक्तानी दिनुपर्नेमा उपभोक्ताको योगदान कट्टा नगरेको र कृतिम मष्टरोल तयार गरी देहाय अनुसार बढी भुक्तानी लिएकोमा खर्च प्रमाणित गर्ने कर्मचारी एवं नापी गर्ने प्राविधिक समेतलाई जिम्मेवार बनाई असुल उपर गर्नुपर्ने रु. | २९२५४३१।०० |

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम रु. | भुक्तानी दिनुपर्ने रकम रु. | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १०५।२०७७।३।२१ | कालिका पाखेरोल कृषि सडक | ४७५०००।०० | ४२८७८७ | ४६२१३।०० |
| ९३।२०७७।३।३० | गिठाकोट ज्यूला पुर्तिडांडा सडक | २८५०००।०० | २५१३१०।०० | ३३६९०।०० |
| ६२।२०७७।३।९ | स्टार लेकवेंसी श्रम सहकारी संस्था लि. | १२०५१४१।०० | १११६१७५।०० | ८८९६६।०० |
| ५२।२०७७।२।९ | सहरे ज्यूला इजर बागखोर सडक | ३४४०३४।०० | ३१७६५२।०० | २६३८२।०० |
| ४२।२०७७।२।१९ | वडा कार्यालय भवन फिल्ड निर्माण | ३३५०००।०० | २९७४१२ | ३७५८७।०० |
| ७४।२०७७।३।१६ | रिम्ना दोभान मोराखारा श्रम सहकारी संस्था लि. | ६१६७४३।०० | ५२४१९७।०० | ९२५४६।०० |
| ९५।२०७७।३।३० | जनकल्याण आधारभुत फिल्ड निर्माण | २८५०००।०० | २५५८३३।०० | २९१६७।०० |
| ४५।२०७७।२।५<br>११।२०७६।१०।२१ | सिम्ली श्रम सहकारी संस्था लि.(भवन) | २५३५३७७।०० | २१९७७०८।०० | ३३७६६९।०० |
| ४३।२०७७।२।२० | कालिका आधारभुत विद्यालय | २८५००००।०० | १४३६९०।०० | १४१३००।०० |
| ४३।२०७६।१२।४ | मौरा खारा गरामन श्रम सहकारी संस्था लि. | ९५००००।०० | ९२१०६० | २८९४०।०० |
| १।२०७७।३।२५<br>(प्रदेश हस्तान्तरित) | सर्पाचौर चाख्रे मेला कृषि सडक | २४२५५००।०० | २०५४७१३।०० | ३७०७८५।०० |
| ५।२०७७।३।२८ | बाहुनी खेतपाखा जिउला कल्लेघारी कामीगाँउ कृषि सडक | १९४०४००।०० | १७५०८४७।०० | १८९५५३।०० |
| ११।२०७७।३।२८ | सहरे जनचाहना पोखरी रोल सडक | २४२५५००।०० | २१०४२९५।०० | ३२१२०४।०० |
| ९।२०७७।३।२८ | घण्ठाना अमला टाकुरा तिमिले कृषि सडक | १७१७७२६।०० | १५२७०४२।०० | १९०६८४।०० |
| | | | जम्मा | २९२५४३१।०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ८०६५९५०३५०१ शसर्त अनुदान चालु** | |
| ६४. | **तलवि प्रतिवेदन** : निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु१,१८,०६,७८२।५० तलब भत्ता खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |
| | **गाउँपालिका पुजीगत** | |
| ६५. | **४२।२०७७।३।३१** नमुना विद्यालय सुधार गुरु योजना अनुरुप भौतिक निर्माण गर्न छनौटमा परेको रासी ज्ञानोदय माध्यामिक विद्यालय सानो भेरीलाई बिद्यालयलको गुरु योजना अनुसार रु | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २३,६३,७५,४९८।००लागत अनुमान मध्ये यस वर्ष रु.१,४९,९९,९९७।०० भुक्तानी दिएकोमा निम्न अनुसार देखिएको छ ।<br>**क.** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत केन्द्र भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७ को दफा ८.५ मा भौतिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन, सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खररिद दिग्दर्शन भित्र रही निर्माण कार्य गर्नुपर्ने उल्लेख छ । विद्यालय व्यबस्थापन समितिले चार कोठे तीन तलाको रु ५२,७७,९८०।००, दुई कोठे तीन तला रु ८,१९,३९२।००, गेट र पर्खाल रु ४०,१०,२०९।००, चार कोठे तीन तला रु ७,३३,९४७।००,शौचालय १३,३४,२२४।०० र दुई तले भवनको रु ४,६०,२९८।००समेत रु १,२६,३६,०४९। लागत अनुमान तयार गरी सिधै कार्य गराई शिक्षक तलव भत्ता रु.३८,४८,०७७।०० र आइटी समेत रु.१०,३२,८६५।०० समेत रु.४८,८०,९४२।०० वाहेक चार कोठे तेश्रो तला रु.५३,२३,५४८।०० दुई तले तेश्रो तला रु ८,४६,९६८।००, चौथो कोठा तेश्रो तला रु ७,४१,२९८।००, महिला शौचालय १३,३८,७३८।०० र गेट तथा पर्खाल रु ४१,१७,८६९।० समेत रु १,२८,३०,४६६।०० को समेत कार्य सम्पन्न गरी रु.१,०१,१९,०५५।०० भुक्तानी दिएको छ । विद्यालयले सार्वजनिक खरिद नियमावली विपरित सिधै कार्य गराउदा मितव्यिताको दृष्टिकोणले उपयूक्त देखिएन । साथै निर्माण कार्यको गुणस्तर परीक्षण नहुदा निर्माण भएको कार्यको गुणस्तर बारे एकिन गर्न सकिएन । बिद्यालय सँग यस्ता जटिल निर्माण कार्य गर्न सक्ने विज्ञता नहुने र कामदारबाट कार्य गराउदा मापदण्ड पुरा नहुने भएकोले गुणस्तरियता वारे तालुक निकायबाट अनुगमन गरिनु पर्दछ । | |
| | **मुख्यमन्त्री रोजगार कार्यक्रम** | |
| ६६. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा कारोबारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राखु पर्ने र सोही बमोजिम खर्च लेखुपर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता वा वेरोजगारीलाई श्रम गरे वापत रकम उपलव्ध गराउदा तोकिएको नर्म्स अनुसार रकम भुक्तानी दिनुपर्दछ । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत पालिकाले देहायको कार्यसम्पन्न गरेवापत २५१ जना वेरोजगारलाई कूल रु। ४४,६८,३७०।०० बैंक मार्फत भुक्तानी दिएको देखियो । इन्जिनियरबाट प्रमाणित कार्य विलमा तटवन्ध/ ग्याविनको समेत काम र माटो काट्ने कामको इकाई दर विष्लेषण (Item Rate Analysis) अनुसार देहाय अनुसारको श्रमिक संख्या लाग्ने र दैनिक ज्याला दर अनुसार रकम भुक्तानी गर्नुपर्नेमा २५१ श्रमिकलाई वास्तविक कामको परिमाण भन्दा बढी रकम रु९,२२,३९०।०० भुक्तानी गरी प्रदेश सरकारलाई थप व्ययभार पर्न गएको छ । तसर्थ वास्तविक लाग्ने श्रमिकको दैनिक ज्याला दर मात्र श्रमिकलाई दिनुपर्नेमा कामै नगरेको अवस्थामा रकम भुक्तानी गर्न सिफारिस गरेकोले रोजगार संयोजक, प्राविधिक कर्मचारीलाई समेत जिम्मेवार बनाई उक्त रकम असुल गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु। | ९२२३९०।०० |

| भौ.नं./मिति | कामको विवरण | स्थान | दक्ष कामदार संख्या | रकम रु. | अदक्ष कामदार संख्या | रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १०।२०७७।३।२९ | भैंसी श्रोत केन्द्र संरक्षण तटवन्ध | गिठाकोट | २११ | १७७२४०।०० | १८०९ | ११४८७१५ | १३२४९५५ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | |
| | १०० जनाको बैंकमा पठाएको खर्च / लेखेको रु. | | | | | | १७७८७२०।०० |
| | बढी भुक्तानी | | | | | | ४५२७६५।०० |
| ११।२०७७।२।२९ | छोरेवगर अस्पताल तथा क्याम्पस संरक्षण तटवन्ध | छोरेवगर | १०३ | ८६५२० | १५३३ | १०१९४४५ | ११०५९६५।०० |
| | ७५ जनाको बैंकमा पठाएको खर्च /लेखेको रु. | | | | | | १३९९७१५।०० |
| | बढी भुक्तानी | | | | | | २९३७५०।०० |
| ८।२०७७।३।२९ | वेलटापु तटवन्ध निर्माण | वेलटापु | ११२ | ९४००० | ५६४ | ३५८१४० | ४५२१४०।०० |
| | ४२ जनाको बैंकमा पठाएको खर्च /लेखेको रु. | | | | | | ६२८०१५।०० |
| | बढी भुक्तानी | | | | | | १७५८७५।०० |
| | कूल जम्मा | | | | | | ९,२२,३९०।०० |

**कोरोना रोकथाम नियन्त्रण र उपचार कार्यक्रम ८०६५९५०३३००६०१ चालु**

६७. खरिद कार्यको अभिलेखः सार्बजनिक खरिद नियमावली बमोजिम हरेक खरिद कारबाहीको छुट्टै फाइल खडा गरी राख्नु पर्ने, फाइलमा तोकिएका विभिन्न कागजात राख्नु पर्ने व्यवस्था गरेको छ । यस कोरोना रोकथाम नियन्त्रण र उपचार कार्यक्रममा पालिकाले नियममा उल्लेख गरे अनुसार अभिलेख राखेको पाइएन । नियमले तोके अनुसार अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

६८. प्रधानमन्त्री रोजगार निर्देशिकामा बेरोजगारहरुको दैनिक पारिश्रमिक न्यूनतम ५१७ र बढीमा ६६५ नबढ्ने गरि सम्वन्धित स्थानीय तहले तोकेको दरमा सबैलाई समान रुपमा भूक्तानी दिनुपर्ने व्यवस्था छ । तर देहाएका उपभोक्ताले कामदारलाई दक्ष र अदक्ष वर्गिकरण गरि दक्षको दैनिक पारिश्रमिक रु. ८४० र अदक्ष को रु. ६३५ का दरले भूक्तानी गरेको छ । निर्देशिकामा तोकेको दर भन्दा बढी दरमा भूक्तानी गरेको असूल गरेको असूल गर्नुपर्ने रु

बेरुजू रकम: ३९८८९०।००

| भौ. नं. मिति | उपभोक्ता समितिको नाम | मज्दुरको प्रकृति | मज्दुर संख्या | कार्य दिन | बढी दर | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|
| ९८।२०७७।३।२९ | जनसेवा आ. वि. फिल्ड निर्माण उ. स. | दक्ष | ६ | १२८ | २०५ | २६२४० |
| ८५।२०७७।३।२७ | प्रगतिशिल आ.वि. घेरावार तथा फिल्ड निर्माण उ.स. | दक्ष | ९ | २६० | २०५ | ५३३०० |
| ८७।२०७७।३।२७ | धैरेनी घर्तिगाउँ ओलीगाउँ कृषि सडक रोजगार उ.स. | दक्ष | ५ | १४६ | २०५ | २९९३० |
| ८६।२०७७।३।२७ | अर्मखोला देखि ठुला लेख बराह मन्दिर पदमार्ग निर्माण उ.स. | दक्ष | ४ | ११४ | २०५ | २३३७० |
| ८८।२०७७।३।२७ | वडा कार्यालय फिल्ड निर्माण उ.स. | दक्ष | ६ | १६८ | २०५ | ३४४४० |
| ८९।२०७७।३।२७ | ७ नं. वडा पोखरी डाँडा देखि झासल्ला कृषि सडक निर्माण उ.स. | दक्ष | ९ | २७० | २०५ | ५५३५० |
| ८३।२०७७।३।२६ | गोलचौर चाख्लीमेला टुरा पर्यटकिय पदमार्ग निर्माण उ.स. | दक्ष | ६ | १६८ | २०५ | ३४४४० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८२।२०७७।३।२६ | वडा स्वास्थ्य केन्द्रको फिल्ड निर्माण उपभोक्ता समिति | दक्ष | ५ | १४८ | २०५ | ३०३४० |
| ८१।२०७७।३।२६ | स्यालीबोट सिंचाई टयाङ्की निर्माण उ.स. | दक्ष | ५ | १४७ | २०५ | ३०१३५ |
| ८४।२०७७।३।२६ | देउता खोला लघुविधुत आयोजना कुलो मर्मत उ.स. | दक्ष | ९ | २४१ | २०५ | ४९४०५ |
| ७७।२०७७।३।२४ | स्यालडाँडा आमडाँडा विप्पे कृषि सडक स्तर उन्नती उ.स | दक्ष | ६ | १५६ | २०५ | ३१९४० |
| | | | | | जम्मा: | ३९८८९०।०० |

६९. **पेश्की बाँकी :** आर्थिक वर्षको अन्तमा बाँकी रहेको देहाय अनुसारको पेश्की लेखापरीक्षण अवधी सम्म पनि असुल फछ्यौट नभएको हुँदा आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ७४ अनुसार असुल फछ्यौंट हुनुपर्दछ ।

| पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|
| नेपाल राष्ट्रिय मा बि घापागार | ३,२०,०००।०० |

**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ५,२८,११,०३०.६८ | ८८७०७०.५८ | ५१,९२३,९६०.१० |

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५/०७६ | ३३(२) | जनज्योती आ वि फुक्रुज्यूलाको २ कोठे भवनको पेश्की रकम | | | | ४०००० | ४०००० |
| २ | २०७५/०७६ | ५२.६ | कार्यक्रम सम्झौता अवधि वेगरको रकम असुल | ४८७०७०.५८ | | | | ४८७०७०.५८ |
| | | | जम्मा | ४८७०७०.५८ | | | ४०००० | ८८७०७०.५८ |

अनुसुची-१

## सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम को संचितकोष विवरण

## २०७६/७७

कर्णाली प्रदेश (रु.हजारमा)

| जिल्ला | स्थानीय तह | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| रुकुम पश्चिम | सानीभेरी गाँउपालिकाको कार्यालय, | ९१५९३३ | ९०७० | ०.९९ | ९०३६ | ३२८३९७ | ५१२२९ | ३९५४ | ८३६६२ | ४६७२४२ | २३८७७१ | १००१११ | १०९८०९ | ४४८६९१ | २७५८७ |

अनुसुची-२

## सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम को बेरुजु बर्गिकरण( विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| रुकुम पश्चिम | सानीभेरी गाँउपालिकाको कार्यालय, | ५९ | १० | ९०७० | ० | ० | ० | ५९ | १० | ९०७० | ६१४५ | २९२५ | ० | ० | ० | २९२५ | ० | ० | ० |

अनुसुची-३

## सानीभेरी गाँउपालिकाको कार्यालय, रुकुम पश्चिम को अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | यस वर्ष सम्मको बाँकी वेरुजु | यस वर्ष सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रुकुम पश्चिम | सानीभेरी गाँउपालिकाको कार्यालय, | **८३०८७** | -३७२९४ | ८८७ | ८८७ | ० | ० | ४४९०६ | ९०७० | ५३९७६ | १०७० |